गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुनी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

{९८४८४९२७२७

प.सं.: २०८२।०८३ मिति: २०८२।०५।०९

च.नं.: नेपाल संवत: ११४५ अलाथ्व द्वितीया सोमबार

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई निवेदन सम्बन्धि पैंतीस दिने सूचना

(अन्तिम पटकको सूचना प्रकाशन मितिः २०८२।०४।३०)

नेपाल सरकारले मिति २०७७।०१।०१ भन्दा अगाडी गठन गरेका आयोग, कार्यादल वा समितिबाट वितरण भएका जग्गा सम्बन्धि स्वामित्व, दर्ता स्रेस्ता, नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या रहेका भए त्यस्तो समस्याको समाधानका लागि आवश्यक प्रमाण कागजात संलग्न गरि "विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धि कार्यविधि, २०८१" को अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरिएको निवेदन मिति २०८२।०४।३० देखि ३५ (पैंतीस) दिन भित्र जिल्ला समितिको सचिवालयमा पेश गर्नुहुन अनुरोध गरिएको छ । त्यसैगरी भूमि समस्या समाधान आयोगले भुमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि गरिएको कार्यसहमती पत्र अनुसार, गौमुल गाउँपालिका वडा नं १ देखि ६ सम्मका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्न तोकिएको ढाँचामा निवेदन फाराम भरि, आवश्यक कागजात संलग्न गरि मिति २०८२।०४।३० देखि ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा पेश गर्नहुन पनि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीका लागि आवश्यक कागजात (अनुसूचि-३ अनुसार) | अव्यवस्थित बसोबासीका लागि (अनुसूचि-४) |
|---|---|
| १. नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि । | १. नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि । |
| २. निवेदक(पति।पत्नी) को पासपोर्ट साइज फोटो १।१ प्रति । | २. निवेदक(पति।पत्नी) को पासपोर्ट साइज फोटो १।१ प्रति |
| ३. चारकिल्ला सहितको भोगचलन सिफारिस । | ३. चारकिल्ला सहितको भोगचलन सिफारिस । |
| ४. बिटौरी शुल्क, बिजुली वा खानेपानीको शुल्क तिरेको रसिदको प्रतिलिपि । | ४. बिटौरी शुल्क, बिजुली वा खानेपानीको शुल्क तिरेको रसिदको प्रतिलिपि । |
| ५. निवेदक स्वयमलाई भूमिहीन दलित वा भूमिहीन सुकुम्बासी भएको सम्बन्धि स्वघोषणा । | ५. निवेदकको अन्यत्र स्थानमा रहेको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि र मालपोत कर तिरेको रसिदको प्रतिलिपि। |
| ६. सम्बन्धित वडा कार्यालयको सिफारिस । | ६. सम्बन्धित वडा कार्यालयको सिफारिस । |
| | ७. निवेदक वा निजका परिवारका सदस्यले मिति २०७६।१०।२८ पछि नेपाल सरकारले आफु वा आफ्ना परिवारलाई कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको भनी गरेको स्वघोषणा । |

(गगन बहादुर धामी)
नि. प्रमुख प्रशासकिय अधिकृत